केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फयाक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/२/०७४/७५

मिति: २०७४/०४/२७

## सूचना

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएका कानूनी प्रावधानहरु अनुरुप पूर्वाधार विकास बैंकको संस्थापनाका लागि यसै साथ संलग्न बमोजिमको **"पूर्वाधार विकास बैंकको इजाजत सम्बन्धी नीतिगत व्यवस्था, २०७४"** लागू गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

भवदीय,

(हरिशरण के.सी.)
का.मु.कार्यकारी निर्देशक

# पूर्वाधार विकास बैंकको इजाजत सम्बन्धी नीतिगत व्यवस्था, २०७४


नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

२०७४ साउन

# विषय - सूची


| | | |
|---|---|---|
| १. | चुक्ता पुँजी सम्बन्धी व्यवस्था | १ |
| २. | संस्थापनाको लागि सैद्धान्तिक सहमतिको निवेदन पेश गर्ने सम्बन्धी व्यवस्था | १ |
| ३. | सैद्धान्तिक सहमति प्रदान गर्ने सम्बन्धी व्यवस्था | ४ |
| ४. | सैद्धान्तिक सहमति दिन इन्कार गर्न सक्ने सम्बन्धी व्यवस्था | ५ |
| ५. | सैद्धान्तिक सहमति प्रदान भएपछि बन्देज लाग्ने अवस्था सम्बन्धी व्यवस्था | ६ |
| ६. | वित्तीय कारोबार गर्ने इजाजतपत्रका लागि निवेदन पेश गर्ने सम्बन्धी व्यवस्था | ७ |
| ७. | वित्तीय कारोबार गर्ने इजाजतपत्र प्रदान गर्ने सम्बन्धी व्यवस्था | ८ |
| ८. | वित्तीय कारोबार गर्ने इजाजतपत्र प्रदान गर्न इन्कार गर्न सक्ने सम्बन्धी व्यवस्था | ९ |
| ९. | संस्थापक तथा सञ्चालक सम्बन्धी अन्य व्यवस्थाहरु | ९ |
| १०. | संस्थापना खर्च सम्बन्धी व्यवस्था | १० |

| | | |
|---|---|---|
| अनुसूची १ | पूर्वाधार विकास बैंक संस्थापनाको सैद्धान्तिक सहमतिका लागि नेपाल राष्ट्र बैंक समक्ष पेश गर्ने निवेदनको ढाँचा | १२ |
| अनुसूची २ | प्रस्तावित पूर्वाधार विकास बैंकको सम्भाव्यता अध्ययन प्रतिवेदनमा समावेश गर्नुपर्ने बिषयहरु | १३ |
| अनसूची ३ | प्रस्तावित पूर्वाधार विकास बैंकका संस्थापकहरुको व्यक्तिगत विवरणको ढाँचा | १५ |
| अनुसूची ४ | सार्वजनिक सूचनाको ढाँचा | २० |
| अनुसूची ५ | वित्तीय कारोबार गर्ने इजाजतपत्रका लागि पेश गर्ने निवेदनको ढाँचा | २१ |
| अनुसूची ६ | संस्थापकहरुको Fit and Proper Test मापनका आधारहरु | २२ |

# पूर्वाधार विकास बैंकको इजाजत सम्बन्धी नीतिगत व्यवस्था, २०७४

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (५) बमोजिमका कार्यहरु गर्ने उद्देश्यले पूर्वाधार विकास बैंकको रुपमा सोही ऐनको दफा ३ बमोजिम पब्लिक लिमिटेड कम्पनीको संस्थापना (दर्ता) गर्ने प्रयोजनका लागि प्राप्त निवेदन उपर दफा ४ बमोजिम स्वीकृति दिने र दफा ३३ बमोजिम वित्तीय कारोबार गर्ने इजाजतपत्रको लागि निवेदन पेश भई दफा ३४ बमोजिम इजाजतपत्र प्रदान गर्ने प्रयोजनका लागि दफा ३१ को उपदफा (२) बमोजिम इजाजतपत्र सम्बन्धी नीतिगत व्यवस्था बनाउन आवश्यक भएको हुँदा सोही ऐनको दफा १०७ बमोजिम त्यस्तो पूर्वाधार विकास बैंकलाई मात्र लागू हुने गरी देहाय वमोजिमको नीतिगत व्यवस्था लागू गरिएको छ ।

**१. चुक्ता पुंजी सम्बन्धी व्यवस्था :**

१.१ पूर्वाधार विकास बैंकको रुपमा संस्थापना हुने बैंकको न्यूनतम चुक्ता पुँजी रु. २० अर्ब हुनु पर्नेछ । विदेशी बैंक वा वित्तीय संस्थाको संयुक्त लगानी नरहने बैंकको हकमा यस्तो बैंकमा संस्थापक समूहको न्यूनतम ५१ प्रतिशत र सर्वसाधारण समूहको न्यूनतम ३० प्रतिशत शेयर लगानी हुनु पर्नेछ । सर्वसाधारण समूहलाई तोकिएको उक्त न्यूनतम शेयर लगानी बाहेक सर्वसाधारण समूहभित्र नै वर्गीकरण हुने गरी बैंकको कर्मचारीलाई ०.२ प्रतिशतसम्म शेयर छुट्याउन सकिनेछ ।

१.२ विदेशी बैंक वा वित्तीय संस्थाको संयुक्त लगानी रहने बैंकको हकमा त्यस्तो विदेशी लगानीकर्ताको न्यूनतम २० प्रतिशतदेखि अधिकतम ८५ प्रतिशतसम्म शेयर लगानी हुन सक्नेछ भने सर्वसाधारण समूहको शेयर लगानी न्यूनतम १५ प्रतिशत हुनु पर्नेछ । तर, २० प्रतिशत वा सोभन्दा बढी ५० प्रतिशतभन्दा कम वैदेशिक शेयर सहभागिता हुने भएमा सर्वसाधारण समूहलाई न्यूनतम ३० प्रतिशत शेयर (कर्मचारीलाई छुट्याउने शेयर बाहेक) अनिवार्य रुपमा छुट्टयाउनु पर्नेछ । साथै, बैंकका कर्मचारीलाई अधिकतम ०.२ प्रतिशत (सर्वसाधारण समूह बाहेकको अंशबाट छुट्टयाई सर्वसाधारण शेयर समूहमा नै गणना गर्ने गरी) सम्म शेयर छुट्याउन सकिनेछ । यस व्यवस्था बमोजिम विदेशी लगानीकर्ता र सर्वसाधारण समूहको शेयर सहभागिता छुट्टयाएपछि मात्र बाँकी रहने शेयर संस्थापक समूहलाई छुट्टयाउन सकिनेछ ।

१.३ नेपाली संस्थापक समूहले कुनै पनि बैंक वा वित्तीय संस्थाबाट कर्जा तथा सापट लिई शेयरमा लगानी गर्न पाउने छैन ।

**२. संस्थापनाको लागि सैद्धान्तिक सहमतिको निवेदन पेश गर्ने सम्बन्धी व्यवस्था :**

२.१ पूर्वाधार विकास बैंक संस्थापना गर्न चाहने कुनै पनि व्यक्ति वा संस्थाले त्यस्तो बैंक प्रचलित कानून बमोजिम पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता गराउनु पर्नेछ ।

२.२ बुँदा नं. २.१ बमोजिम बैंक दर्ता गर्न निवेदन दिनु अघि सम्बन्धित व्यक्ति वा संस्थाले देहाय बमोजिमका कागजातहरु संलग्न गरी प्रस्तावित चुक्ता पूँजीको ०.००५ प्रतिशतले हुने रकम वा रु. १५ लाखमध्ये जुन कम हुन्छ सो बराबर दस्तुर यस बैंकको ना.नो.आ.हि. फुटकर अन्य शीर्षक खातामा जम्मा भएको भौचर सहित यस बैंक समक्ष अनुसूची १ वमोजिमको ढाँचामा सैद्धान्तिक सहमतिका लागि निवेदन दिनु पर्नेछ ।

- प्रस्तावित संस्थाको प्रबन्धपत्र - ३ प्रति,
- प्रस्तावित संस्थाको नियमावली - ३ प्रति,
- अनुसूची २ बमोजिमको न्यूनतम बुँदाहरु समावेश गरी तयार गरिएको प्रस्तावित बैंकको सम्भाव्यता अध्ययन प्रतिवेदन- ६ प्रति,
- अनुसूची ३ बमोजिमको ढाँचामा तयार गरिएको सबै संस्थापकहरुको व्यक्तिगत विवरण,
- बैंक संस्थापना गर्ने सम्बन्धमा संस्थापक बीच भएको सम्झौताको प्रमाणित प्रतिलिपि,
- संस्थापकहरुले निवेदन दिंदा लगानी गर्न प्रस्ताव गरेको रकमको स्रोत खुलेको विवरण (अनुसूची ३ को ढाँचामा दिइएको बुँदा नं. १६ अनुसारको श्रोत खुलेको विवरण) र निवेदन दिनुभन्दा तत्काल अघिल्लो आर्थिक बर्षसम्मको कर चुक्ता प्रमाण ।

  *(यस बैंकमा पेश हुन आएको संस्थापकहरुको प्रस्तावित लगानी रकम प्रमाणित हुने कागजात तथा विवरणहरुको यथार्थता पुष्टीका लागि यस बैंकले सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी त्यस्तो निकायलाई जानकारी उपलब्ध गराउन वा त्यस्तो निकायबाट जानकारी लिन सक्नेछ ।)*

- संस्थापकहरु नेपाल वा विदेशमा दामासाहीमा परे नपरेको (विदेशको हकमा स्वघोषणा मात्र), कुनै बैंक वा वित्तीय संस्थाबाट कर्जा लिए नलिएको, बैंक वा वित्तीय संस्थासँगको कुनै कारोबारमा कालोसूचीमा परे नपरेको, परेको भए सो फुकुवा भई ३ बर्षको अवधि व्यतित भए नभएको विवरण ।
- संस्थापकहरुको विरुद्ध ठगी, जालसाजी वा प्रचलित कानून बमोजिम कसुर मानिने कार्यमा नेपाल वा विदेशमा कुनै कारबाही नचलेको एवं त्यस्तो कसुरजन्य कार्यमा सजाय नपाएको स्वघोषणा,
- संस्थापकहरु नेपाल वा विदेशको कुनै पनि नियमनकारी वा सुपरिवेक्षण गर्ने निकाय वा अधिकारीबाट कारबाहीमा परे नपरेको, निज संलग्न रहेको कम्पनी वा संस्थाको इजाजतपत्र निलम्बन वा रद्द भएको वा बाध्यात्मक खारेजीमा परेको वा पर्ने क्रममा रहे नरहेको विवरण,
- संस्थापकहरुको परिवारको सदस्यको नाम, थर र नाता तथा उल्लेख्य स्वामित्व वा उल्लेख्य हैसियतको विवरण र निजहरु कुनै संस्थामा सञ्चालक, पदाधिकारी वा कर्मचारी भई काम गरेको भए प्रत्येक व्यक्तिको दर्जा समेत उल्लेख गरिएको विवरण,
- निवेदकको वित्तीय तथा व्यावसायिक पृष्ठभूमिको सम्बन्धमा जाँचबुझ गर्न वा गराउन वा त्यस्तो सूचना तथा जानकारी आदान प्रदान गर्न गराउन नेपाल राष्ट्र बैंकलाई दिएको लिखित अख्तियारी,

- नेपाल राष्ट्र बैंकबाट तोकिएको सीमासम्मको निक्षेप सुरक्षण गर्ने प्रतिबद्धता,
- संस्थापकहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- संस्थापकहरुको पछिल्लो व्यक्तिगत विवरण (Bio-data) र सो विवरणमा खुलाइएको शैक्षिक योग्यता तथा कार्य अनुभव प्रमाणित हुने प्रमाणपत्र/कागजातहरुको प्रतिलिपि, र
- कुनै गैर-आवासीय नेपाली नागरिकले संस्थापना वा हक हस्तान्तरणको माध्यमबाट संस्थापक शेयरमा लगानी गर्ने भएमा स्थानीय कर कार्यालयबाट प्राप्त गरेको कर चुक्ता प्रमाणपत्र र/वा पछिल्लो आर्थिक वर्षको कर दाखिला गरेको निस्सा र/वा नेपालमा करयोग्य आय नभएको व्यहोरा प्रमाणित हुने कागजात र यस सम्बन्धमा सम्बन्धित लगानीकर्ताले स्वःघोषणा (Self-Declaration) गरेको पत्र ।

  *(गैर-आवासीय नेपाली नागरिकले बैंकमा लगानी गर्ने रकम गैर-आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा ७ को उपदफा (२) बमोजिम प्रचलित कानुन बमोजिम यस बैंकबाट वित्तीय कारोवार गर्न इजाजतपत्रप्राप्त गरेको कुनै बैंक वा वित्तीय संस्था मार्फत् विप्रेषण (Remittance) को माध्यमबाट नेपाल भित्र्याएको हुनु पर्नेछ ।)*

२.३ कुनै पनि विदेशी बैंक वा वित्तीय संस्थाको सहभागितामा संस्थापना हुने बैंकको हकमा विदेशी लगानीकर्ता बैंक वा वित्तीय संस्थासँग सम्बन्धित देहाय बमोजिमका थप विवरणहरु पेश गर्नु पर्नेछ :

- नेपालमा संस्थापना हुने प्रस्तावित पूर्वाधार बिकास बैंकमा लगानी गर्ने सम्बन्धमा रकम किटान सहितको सञ्चालक समितिको निर्णयको प्रतिलिपि,
- सम्बन्धित देशको केन्द्रीय बैंक वा नियमन गर्ने संस्थाको स्वीकृतिपत्र/सहमति (Prior consent/No objection),
- लगानी गर्ने विदेशी बैंक वा वित्तीय संस्थाको लेखापरीक्षण गरिएको पछिल्लो ३ वर्षको अवधिमा मुनाफामा सञ्चालन भएको प्रमाणित हुने वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण,
- प्रस्तावित पूर्वाधार विकास बैंकमा नेपाली संस्थापक लगानीकर्ताहरुसँग संयुक्त रुपमा लगानी गर्ने भएमा सो सम्बन्धी सम्झौताको प्रमाणित प्रतिलिपि, र
- लगानी गर्ने विदेशी बैंक वा वित्तीय संस्थाको नेपालमा पहिल्यै कुनै बैंक तथा वित्तीय संस्थामा लगानी छ वा कुनै शाखा, प्रतिनिधि वा सम्पर्क कार्यालय छ भने त्यसको व्यहोरा खुलाएको कागजात ।
- विदेशी बैंक वा वित्तीय संस्थाले नेपालमा लगानी गर्न सम्बन्धित निकायबाट प्राप्त गरेको स्वीकृति सम्बन्धी कागजात ।

२.४ विदेशी बैंक वा वित्तीय संस्थाले गरेको लगानीलाई संस्थापक शेयर समूहमा वर्गीकरण

गरिनेछ । तर, उक्त संस्थाले आफ्नो पूर्ण वा आंशिक शेयर अन्य स्वदेशी व्यक्ति वा संस्थालाई बिक्री गरेको अवस्थामा सर्वसाधारण शेयर अनुपात न्यूनतम ३० प्रतिशत कायम हुने गरी मात्र गर्नु पर्नेछ ।

२.५ पूर्वाधार विकास बैंकमा लगानी गर्ने विदेशी बैंक तथा वित्तीय संस्थाले सम्बन्धित बैंक समक्ष आफ्नो संस्थामा भएको मुख्य लगानीकर्ता समूहको हेरफेर, सञ्चालक समितिको गठन/पुनर्गठन तथा कम्पनीमा घटेका मुख्य घटनाहरुको तत्काल जानकारी गराउनु पर्नेछ भने कम्पनीको बार्षिक नाफा-नोक्सान हिसाब, वासलात, नगद प्रवाह विवरण लगायतका वार्षिक प्रतिवेदन तथा अन्य विवरणहरु नियमित रुपले उपलब्ध गराउनु पर्नेछ ।

२.६ पूर्वाधार विकास बैंकको संस्थापक शेयरमा लगानी गर्ने फर्म, संगठित संस्था वा कम्पनीको हकमा सो फर्म, संगठित संस्था वा कम्पनीसँग सम्बन्धित देहाय बमोजिमका थप विवरणहरु समेत पेश गर्नु पर्नेछ ।

- दर्ता प्रमाणपत्र र कारोवार गर्ने इजाजत पाएको प्रमाणपत्रको प्रतिलिपि,
- प्रबन्धपत्र तथा नियमावली वा विनियमको प्रमाणित प्रतिलिपि,
- संस्थामा उल्लेख्य स्वामित्व वा हैसियत राख्ने व्यक्तिको विवरण ।
- अघिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि वा आय विवरण कर कार्यालयमा पेश गरेको प्रमाणित हुने सम्बन्धित कर कार्यालयबाट प्राप्त निस्साको प्रतिलिपि, र
- लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान सहितको विवरण ।

**३. सैद्धान्तिक सहमति प्रदान गर्ने सम्बन्धी व्यवस्था :**

३.१ बैंक संस्थापना गर्ने प्रयोजनको लागि यस बैंक समक्ष सैद्धान्तिक सहमतिका लागि पेश भएको निवेदन र निवेदनसाथ प्राप्त कागजातहरुको जाँचबुझ गरी अनुसूची ६ बमोजिमका आधारहरु बमोजिम संस्थापकहरुको योग्यता परीक्षण (Fit & Proper Test) गर्दा उपयुक्त देखिएमा यस बैंकले अन्तरक्रियाको लागि बोलाउनेछ ।

३.२ प्रारम्भिक छलफल पश्चात् सैद्धान्तिक सहमतिको प्रक्रिया अगाडि बढाउनु पुर्व संस्थापकहरुले खरिद गर्न कबुल गरेको कूल शेयर पूँजीको कम्तिमा ५ प्रतिशतले हुने रकम ७ दिनभित्र यस बैंक वा यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गको संस्थामा खाता खोली जम्मा गर्न यस बैंकले आदेश दिन सक्नेछ । यसरी आदेश प्राप्त भएपछि सम्बन्धित पक्षले तोकिएको अवधिभित्र तोकिएबमोजिमको रकम जम्मा गरी सोको प्रमाण यस बैंक समक्ष पेश गर्नु पर्नेछ । तोकिए बमोजिमको रकम यस बैंकबाट इजाजतपत्रप्राप्त कुनै "क" वर्गको संस्थामा जम्मा गर्नु पर्दा त्यस्तो संस्था यस बैंकबाट समस्याग्रस्त घोषणा नभएको, शीघ्र सुधारात्मक कारबाहीमा नरहेको, निष्कृय कर्जा अनुपात ५ प्रतिशत ननाघेको, तोकिएको पुँजीकोष अनुपात कायम गरेको, कर्जा/निक्षेप अनुपात तोकिएको सीमाभित्र कायम गरेको र प्रस्तावित पूर्वाधार विकास बैंकको संस्थापक लगानीकर्ता नरहेको वाणिज्य बैंकहरुमध्येबाट हुनु पर्नेछ ।

३.३ बुँदा नं. ३.२ बमोजिमको रकम जम्मा भएको प्रमाण यस बैंकमा पेश भएपछि यस

बैंकले सैद्धान्तिक सहमतिको निर्णयको प्रक्रिया अगाडि बढाउनेछ । यसरी निर्णयको प्रक्रियामा थप कागजात तथा विवरणहरु आवश्यक भएमा सो पेश गर्न आदेश दिन सक्नेछ ।

३.४ प्रस्तावित बैंकको संस्थापकहरुको वित्तीय अनुशासन तथा अवस्थाको वारेमा जानकारी लिन यस बैंकले अनुसूची-४ को ढाँचामा सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

३.५ सैद्धान्तिक सहमतिको लागि पेश भएको निवेदन, सो निवेदनसाथ संलग्न कागजातहरु तथा माग भएका सम्पूर्ण कागजातहरु उपर जाँचबुझ गरी उपयुक्त पाइएमा र कुनै पनि प्रस्तावित संस्थापकको वित्तीय अनुशासन तथा अवस्थाको सम्बन्धमा नकारात्मक स्थितिको सम्बन्धमा यस बैंकमा जानकारी नआएमा यसरी जानकारी आएको मितिले ३० दिनभित्र यस बैंकले पूर्वाधार विकास बैंकको संस्थापनाको लागि सैद्धान्तिक सहमति प्रदान गर्ने सम्बन्धमा शर्त तोकी वा नतोकी निर्णय गर्नेछ ।

३.६ सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय लिइएको मितिले ३० (तीस) दिनभित्र संस्थापकहरूले खरिद गर्न कबुल गरेको शेयर पूँजीको ४५ प्रतिशतले हुने रकम जम्मा गर्न यस बैंकले आदेश दिनेछ । यस बैंकले जम्मा गर्न आदेश दिएको उक्त रकम यस बैंक वा बुँदा नं.३.२ अनुसारकै वाणिज्य बैंकहरुमध्येबाट छनौट गरी सो बैंकमा खाता खोली जम्मा गर्न यस बैंकले आदेश दिनेछ । यसरी वाणिज्य बैंकमा खाता खोली रकम जम्मा गर्दा कुनै एक वाणिज्य बैंकमा रु. १ अर्बसम्म मात्र रकम जम्मा गर्ने गरी थप वाणिज्य बैंकमा खाता खोली रकम जम्मा गर्नु पर्नेछ । यसरी रकम जम्मा भएपछि सम्बन्धित पक्षले तोकिएको अवधिभित्र रकम जम्मा गरेको प्रमाण यस बैंक समक्ष पेश गर्नु पर्नेछ ।

३.७ यस बैंकको आदेश बमोजिम रकम जम्मा गरेको प्रमाण पेश भई आएपछि सो रकमलाई यस बैंकबाट वित्तीय कारोवार गर्ने इजाजतपत्र प्रदान नभएसम्मको अवधिका लागि रोक्का राख्न सम्बन्धित बैंकलाई आदेश दिनेछ । सम्बन्धित बैंकबाट रकम रोक्का राखिएको जानकारी प्राप्त भए पश्चात् यस बैंकले पूर्वाधार विकास बैंकको संस्थापनाको लागि सैद्धान्तिक सहमति-पत्र प्रदान गर्नेछ ।

३.८ बुँदा नं.३.७ बमोजिम रोक्का गरिएको खाताबाट प्राप्त भएको ब्याज रकम बराबरको सीमा ननाघ्ने गरी खर्च गर्न सम्बन्धित पक्षलाई यस बैंकले स्वीकृति दिन सक्नेछ ।

## ४. सैद्धान्तिक सहमति दिन इन्कार गर्न सक्ने सम्बन्धी व्यवस्था :

४.१ देहायका अवस्थाहरुमा यस बैंकले प्रस्तावित पूर्वाधार विकास बैंकको संस्थापनाका लागि सैद्धान्तिक सहमति प्रदान गर्न इन्कार गर्न सक्नेछ :-

- प्रस्तावित बैंकको नाम वा त्यसले गर्ने वित्तीय कारोबार सार्वजनिक हित, सदाचार, शिष्टाचार, धर्म, जातजाति वा सम्प्रदाय र अन्य कुनै कारणले अनुपयुक्त वा अवाञ्छनीय देखिएमा,
- प्रस्तावित बैंकको उद्देश्य प्रचलित कानून विपरीत रहेको पाइएमा,
- प्रस्तावित बैंक प्राविधिक दृष्टिकोणबाट संस्थापना गर्न उपयुक्त नदेखिएमा,

- प्रस्तावित बैंकले पेश गरेको सम्भाव्यता अध्ययन प्रतिवेदन, विवरण तथा कागजात र अन्य पूर्वाधारहरु अध्ययन गर्दा वित्तीय कारोबार स्वस्थ र प्रतिस्पर्धात्मक ढंगबाट संचालन गर्ने कुरामा विश्वास गर्न सकिने आधार नभएमा,

- बैंकको प्रस्तावित प्रबन्धपत्र तथा नियमावलीमा सबै संस्थापक सदस्यहरुले आफ्नो नाम, ठेगाना, आफुले लिन कबुल गरेको शेयर संख्या समेत खुलाई साक्षीको रोहवरमा सहीछाप गरी सो साक्षीको नाम, ठेगाना खुलाएको नपाइएमा,

- प्रति व्यक्ति, एकाघर परिवारका सदस्य, फर्म, कम्पनी, संगठित संस्था वा एकै समूहको शेयर लगानी सीमा र शेयर स्वामित्व अनुपात सम्बन्धमा यस बैंकले समय समयमा तोके बमोजिम रहेको नपाइएमा,

- यस नीतिगत व्यवस्थामा तोकिएको कुनै व्यवस्था विपरीत भएको पाइएमा,

- सम्बन्धित पक्षहरुसँग गरेको प्रारम्भिक छलफलबाट यस बैंक विश्वस्त नभएमा, र

- यस बैंकले तोकेका कुनै शर्त पूरा नभएमा वा आदेशको पालना नभएमा वा माग गरेका कागजातहरु तोकिएको समयावधिभित्र पेश नभएमा ।

४.२ प्रस्तावित पूर्वाधार विकास बैंक संस्थापनाका लागि सैद्धान्तिक सहमति दिन इन्कार गरिएमा यस बैंकले निवेदकलाई सो कुराको जानकारी दिनेछ । सैद्धान्तिक सहमति दिन इन्कार गरिएको अवस्थामा निवेदकहरुले यस बैंकको आदेश बमोजिम जम्मा गरेको रकम फुकुवाको लागि सम्बन्धित बैंकलाई आदेश दिनेछ । तर, निवेदन दस्तुर फिर्ता हुने छैन ।

## ५. सैद्धान्तिक सहमति प्रदान भएपछि बन्देज लाग्ने अवस्था सम्बन्धी व्यवस्था :

५.१ सैद्धान्तिक सहमति प्रदान भएपछि संस्थापकको संख्या थप गर्न पाइने छैन । तर, कुनै संस्थापकको मृत्यु भएमा निजको कानून बमोजिमको हकवालालाई निजले कबुल गरेको लगानी बराबरको शेयर नामसारी गर्न र सम्बन्धित हकवालाले शेयर खरिद नगरेको वा आंशिक शेयर मात्र खरिद गरेको अवस्थामा हकवालाले खरिद नगरेको शेयर विद्यमान संस्थापकहरुले मात्र खरिद गर्न भने बाधा पर्ने छैन ।

५.२ सैद्धान्तिक सहमति प्रदान भएपछि कुनै संस्थापकले आफुले लिन कबुल गरेको संस्थापक शेयर लिन नचाही संस्थापकबाट हट्न चाहेमा वा कबुल गरे बराबरको संस्थापक शेयरको अनुपात घटाउन चाहेमा निज संस्थापकहरुको लगानी रकम विद्यमान संस्थापकहरुबीच मात्र थपघट गर्न सकिनेछ । तर, प्रस्तावित सञ्चालकको हकमा निजहरुले शेयर धारण गर्न कबुल गरेको संस्थापक शेयरलाई घटाउन पाइने छैन । यद्यपि निजहरुले कुनै संस्थापकले कबुल बमोजिम लिन नचाहेको शेयरको अंशलाई खरिद गर्न भने सक्नेछन् ।

५.३ सैद्धान्तिक सहमति प्रदान भएपछि तत्कालीन प्रस्तावित संस्थापकको मृत्यु भएको अवस्थामा यस बैंकबाट स्वीकृति लिएर बाहेक अन्य कुनै पनि अवस्थामा संस्थापक शेयरधनी परिवर्तन गर्न पाइने छैन ।

५.४ सैद्धान्तिक सहमति-पत्र प्रदान भएपछि यस बैंकको स्वीकृति नलिई संस्थापक शेयर अनुपात परिवर्तन गर्न पाइने छैन ।

**६. वित्तीय कारोबार गर्ने इजाजतपत्रका लागि निवेदन पेश गर्ने सम्बन्धी व्यवस्था :**

६.१ यस बैंकबाट सैद्धान्तिक सहमति-पत्र प्राप्त गरेको मितिले ६ महिनाभित्र पब्लिक लिमिटेड कम्पनीको रुपमा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा संस्थापना भई प्रचलित कानूनी एवम् नीतिगत व्यवस्था तथा यस बैंकबाट तोकिएका शर्तहरुको पालना गरी र बैंक सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधारहरू समेत तयार गरी वित्तीय कारोवार सञ्चालन गर्ने इजाजतपत्र प्राप्त गर्न सम्बन्धित पक्षले यस बैंक समक्ष अनुसूची-५ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ । तोकिएको अवधिभित्र वित्तीय कारोवार सञ्चालन गर्ने इजाजतपत्रको लागि निवेदन प्राप्त नभएमा यस बैंकबाट प्रदान गरिएको सैद्धान्तिक सहमति स्वतः रद्द हुनेछ ।

६.२ वित्तीय कारोवार गर्ने इजाजतपत्रको लागि यस बैंक समक्ष पेश गरेको निवेदन पेश गर्दा सो निवेदनका साथ संस्थाको प्रस्तावित चुक्ता पूँजीको ०.००५ प्रतिशतले हुने रकम वा रु. १५ लाखमध्ये जुन कम हुन्छ सो बराबर हुने रकम दस्तुर वापत यस बैंकको ना.नो.आ.हि. फुटकर अन्य शीर्षक खातामा जम्मा गरी सोको भौचर सहित बैंकसँग सम्बन्धित देहाय बमोजिमका विवरण तथा कागजातहरु संलग्न गर्नु पर्नेछ ।

- प्रबन्धपत्र, नियमावली र प्रचलित कानून बमोजिम संस्थापना भएको प्रमाणपत्रको प्रतिलिपि,
- वित्तीय कारोवार संचालन गर्न आवश्यक सबै पूर्वाधार तयार भएको कार्यालय भवनको विवरण वा भवन भाडामा लिने भए बहाल सम्बन्धी सम्झौताको प्रतिलिपि र भाडामा लिने भवनको विवरण सहित वित्तीय सेवा सुविधा प्रदान गर्न सक्ने पर्याप्त आधार रहेको विवरण,
- संस्थापकहरुले लिन कबुल गरेको शेयरको रकम चुक्ता भई सम्पूर्ण रकम यस बैंकमा जम्मा भएको प्रमाणित हुने कागजात,
- बैंकको कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन सम्बन्धी विनियमावली र कर्जा अपलेखन विनियमावली, (प्रत्येकको १ प्रति)
- बैंकको व्यावसायिक रणनीति र सञ्चालन गरिने कारोबारको प्रकृति, आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन प्रक्रिया सहितको संगठनात्मक संरचनालाई समेट्ने गरी तयार पारिएको व्यावसायिक योजना,
- बैंकको सञ्चालक र पदाधिकारीको नामावली तथा यस ऐन बमोजिम सञ्चालक वा पदाधिकारी हुन योग्य रहेको विवरण,
- कारोबार गर्ने मुख्य स्थान वा शाखाको स्थान यकिन भइसकेकोमा सोको ठेगाना,
- सूचना प्रविधि सम्बन्धी विवरण,
- सुरक्षा तथा बीमा सम्बन्धी व्यवस्था,

- सञ्चालक समितिले देहाय बमोजिमको बिषयहरुमा जाहेर गरेको मन्जुरी/प्रतिबद्धता :

  (क) यस बैंकले समय समयमा तोकिदिए बमोजिमको न्यूनतम पूँजी कायम गर्ने कुरा,

  (ख) बैंक सञ्चालन गर्न आवश्यक पूर्वाधार तयार गरी सेवा तथा सुविधा प्रदान गर्न सक्ने पर्याप्त आधार रहेको कुरा,

  (ग) बैंकले वित्तीय कारोबार सञ्चालन गर्नका लागि प्रस्ताव गरेको नीति, नियम, कार्यविधि तथा व्यवस्थाबाट वित्तीय कारोबार नियमित रुपमा सञ्चालन भई निक्षेपकर्ता तथा लगानीकर्ताको हित संरक्षण हुने कुरा,

  (घ) वित्तीय कारोबार सञ्चालन गर्नका लागि यस बैंकले तोकेका शर्तहरु पालना गर्ने कुरा,

  (ङ) यस बैंकले समय समयमा तोकेको विवरण तथा कागजातहरु यथासमय भित्र पेश गर्ने कुरा, र

- विदेशी बैंक वा वित्तीय संस्थाको संयुक्त लगानीमा संस्थापित बैंकको हकमा देहाय बमोजिमका थप कागजातहरु :

  (क) विदेशी बैंक वा वित्तीय संस्थाको सम्बन्धित मुलुकको कानून बमोजिम त्यस्तो मुलुकको सरकार वा केन्द्रीय बैंक वा नियमन गर्ने निकायले नेपालमा त्यस्तो विदेशी बैंक वा वित्तीय संस्थालाई पूर्वाधार विकास बैंक सम्बन्धी वित्तीय कारोबार सञ्चालन गर्न दिएको स्वीकृति वा सहमति पत्र,

  (ख) बैंक संस्थापना गर्न यस बैंकमा निवेदन पेश गरेपछि वा यस बैंकबाट अनुमति लिएपछि त्यस्तो विदेशी बैंक वा वित्तीय संस्थाले यस ऐन बमोजिम पूरा गर्नु पर्ने कुनै विषय फरक परेको भए सोको विवरण,

  (ग) यस बैंकले माग गरे बमोजिमको अन्य जानकारी तथा विवरण

६.३ बुँदा नं. ६.२ मा तोकिएका विवरणहरु पूरा नभएमा वा त्यस्तो विवरणमा उल्लेख कुनै बिषयलाई थप स्पष्ट पार्नुपर्ने भएमा वा कुनै थप विवरण आवश्यक भएमा यस बैंकले सम्बन्धित बैंकलाई सो सम्बन्धी विवरणहरु पेश गर्न आदेश दिन सक्नेछ । यस बैंकले माग गरेको थप विवरणहरु सम्बन्धित बैंकले तोकिएको समयभित्र पेश गर्नु पर्नेछ ।

**७. वित्तीय कारोबार गर्ने इजाजतपत्र प्रदान गर्ने सम्बन्धी व्यवस्था :**

७.१ वित्तीय कारोवार गर्ने इजाजतपत्रको लागि यस बैंक समक्ष तोकिएका कागजातहरु तथा प्रतिबद्धता सहित पेश भएको निवेदन सम्परिक्षण गर्दा रीतपूर्वक रहेको पाइएमा बैंकका सञ्चालक तथा पदाधिकारीहरुसँग यस बैंकले अन्तर्क्रिया गर्नेछ ।

७.२ बैंकका सञ्चालक तथा पदाधिकारीहरुसँगको छलफल, बैंक सञ्चालनका लागि तयार भएको भौतिक पूर्वाधारको अवस्था र पेश भएका कागजात तथा विवरणहरुको जाँचबुझबाट यस बैंकले देहायको कुराहरुको यकीन गर्नेछ ।

(क) बैंक सञ्चालनको लागि इजाजतपत्र प्रदान गर्दा वित्तीय कारोबार स्वस्थ, प्रतिस्पर्धात्मक र प्रभावकारी रुपमा सञ्चालन भई निक्षेपकर्ता तथा लगानीकर्ताको हित हुने कुरा,

(ख) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित कानून तथा सो अन्तर्गत बनेको नियम, विनियम वा यस बैंकको आदेश वा निर्देशन र प्रबन्धपत्र तथा नियमावलीको अधिनमा रही वित्तीय कारोबार सञ्चालन गर्न सक्षम हुने कुरा,

(ग) निवेदन साथ संलग्न विवरण तथा कागजात पूर्ण रहेको कुरा,

(घ) बैंक सञ्चालनका लागि पर्याप्त भौतिक पूर्वाधार भएको कुरा, र

(ङ) बैंकमा नियुक्त वा संलग्न भएको वा नियुक्त गरिने वा संलग्न हुने कुनै पनि पदाधिकारी वित्तीय कारोबार सञ्चालन गर्न सक्षम रहेको कुरा ।

७.३ बुँदा नं.७.२ मा उल्लेखित कुराहरु यकीन हुन आएमा बैंकलाई वित्तीय कारोबार सञ्चालन इजाजतपत्र दिने सम्बन्धमा निर्णय लिन सक्नेछ । इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा निर्णय भएपछि यस बैंकले अवधि तोकी संस्थापकहरुले लगानी गर्न कबुल गरेको पुँजीमध्ये जम्मा गर्न बाँकी रहेको सम्पूर्ण रकम सम्बन्धित बैंकमा जम्मा गरी सोको प्रमाण पेश गर्न आदेश दिनेछ । सो बमोजिम तोकिएको अवधिभित्र रकम जम्मा गरेको प्रमाण प्राप्त भएको मितिले ७ दिनभित्र यस बैंकले सम्बन्धित पूर्वाधार विकास बैंकलाई वित्तीय कारोबार सञ्चालन गर्ने इजाजतपत्र प्रदान गर्नेछ ।

७.४ बैंकलाई प्रदान गर्ने इजाजतपत्रमा यस बैंकले इजाजतपत्र लागू हुने मिति तोक्न वा नतोक्न सक्नेछ । इजाजतपत्र लागू हुने मिति तोकिएकोमा तोकिएको मितिदेखि र नतोकिएकोमा इजाजतपत्रको मितिदेखि इजाजतपत्र जारी भएको मानिनेछ ।

७.५ वित्तीय कारोवार सञ्चालन गर्न इजाजतपत्र दिएको मितिले ६ महिनाभित्र पूर्वाधार विकास बैंकले आफ्नो वित्तीय कारोवार शुरु गरी यस बैंकलाई जानकारी गराउनु पर्नेछ । तोकिएको अवधिभित्र बैंकले वित्तीय कारोबार प्रारम्भ नगरेमा बैंकलाई वित्तीय कारोवार सञ्चालन गर्न प्रदान गरिएको इजाजतपत्र स्वतः रद्द हुनेछ । यसरी वित्तीय कारोबार स्वतः रद्द भएमा वा बैंकले वित्तीय कारोवार सञ्चालन गर्न सक्ने अवस्था नरहेको जनाई इजाजतपत्र रद्द गरिदिन गरेको अनुरोध बमोजिम यस बैंकबाट इजाजतपत्र रद्द गरिएमा बैंकले इजाजतपत्रको लागि पेश गरेको निवेदनसाथ जम्मा गरेको दस्तुर फिर्ता हुने छैन । तर, इजाजतपत्रको लागि निवेदन प्राप्त भएपछि बैंकका सञ्चालक तथा पदाधिकारीहरुसँग छलफल हुनु अघि इजाजतपत्रको निवेदन फिर्ता लिन चाही सोको निवेदन पेश भएमा इजाजतपत्रको प्रक्रिया अगाडि बढाइने छैन र इजाजतपत्रको लागि जम्मा गरेको दस्तुर फिर्ता हुनेछ ।

**८. वित्तीय कारोबार गर्ने इजाजतपत्र प्रदान गर्न इन्कार गर्न सक्ने सम्बन्धी व्यवस्था :**

८.१ यस बैंकले देहायको कुनै अवस्थामा बैंकलाई वित्तीय कारोबार सञ्चालन गर्न इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ :-

(क) नेपालको वित्तीय प्रणालीको स्थायित्व, स्वच्छ प्रतिस्पर्धा र विश्वसनीयता उपर प्रतिकूल असर पर्ने भएमा,

(ख) निक्षेपकर्ताको हित संरक्षणको निमित्त वित्तीय कारोबार सञ्चालन गर्न इजाजतपत्र दिन उचित र उपयुक्त नहुने भएमा, र

(ग) बैंकिङ्ग तथा वित्तीय कारोबार सञ्चालन गर्ने पूर्वाधार पूरा नभएमा ।

८.२ कुनै पूर्वाधार विकास बैंकलाई वित्तीय कारोबार सञ्चालन गर्न इजाजतपत्र दिन नसकिने अवस्था भएमा यस बैंकले सो को कारण खुलाई इजाजतपत्रका लागि निवेदन परेको मितिले ९० दिनभित्र सम्बन्धित बैंकलाई जानकारी गराउनेछ । यस बैंकले पूर्वाधार विकास बैंक सञ्चालनको लागि इजाजतपत्र दिन इन्कार गर्ने निर्णय गरेको अवस्थामा इजाजतपत्रको लागि प्राप्त दस्तुर रकम फिर्ता गरिदिनेछ ।

**९. संस्थापक तथा सञ्चालक सम्बन्धी अन्य व्यवस्थाहरु :**

९.१ प्रस्तावित पूर्वाधार विकास बैंकका संस्थापकका सम्बन्धमा देहाय बमोजिमका व्यवस्थाहरु गरिएको छ :

- कुनै व्यक्ति विगतमा कर्जा सूचना केन्द्रको कालोसूचीमा परी सो सूचीबाट हटेको भए त्यसरी हटेको मितिले ३ वर्षसम्म पूर्वाधार विकास बैंकको संस्थापक हुन योग्य मानिने छैन र त्यस्ता निवेदन उपर यस बैंकले कारवाही अगाडि बढाउने छैन ।
- पूर्वाधार विकास बैंकका प्रस्तावित संस्थापकहरुमध्ये कम्तीमा एक तिहाई सदस्यहरुले स्नातक उपाधि हासिल गरेको हुनु पर्नेछ ।
- प्रस्तावित संस्थापकहरुमध्ये कुनै संस्थापक कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा रहेको वा कुनै बैंक वा वित्तीय संस्थाको कर्जा नतिरी डिफल्टर भएको वा कुनै बैंक वा वित्तीय संस्थाबाट लिएको कर्जाको भाखा नाघेको देखिन आएमा त्यस्ता संस्थापकहरु बाहेकका बाँकी संस्थापकहरु मात्र रहने वा नयाँ संस्थापकहरु थप गरी संस्थापकहरुको लगानी गर्न कबुल गरेको पुँजी रकम सहितको संशोधित विवरण तथा कागजातहरु पेश भई आए पश्चात् मात्र निवेदन उपर कारबाही अगाडि बढाइनेछ । उपरोक्त बमोजिम संशोधित विवरण तथा कागजातहरु पेश गर्न समय लाग्ने भई यस नीतिगत व्यवस्थामा तोकिएको समयावधिभित्र बैंक संस्थापनाका लागि सैद्धान्तिक सहमति प्रदान गर्न नसकिने अवस्था देखिएमा यस बैंकले सम्बन्धित पक्षहरुलाई पुनः निवेदन पेश गर्न लगाउन सक्नेछ ।
- बैंक संस्थापना गर्न सैद्धान्तिक सहमति प्रदान भएपछि संस्थापकहरुले धारण गर्ने शेयर संरचना परिवर्तन गर्ने प्रस्ताव आएमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नहुँदैको अवस्थामा मात्र संस्थापकहरुको शेयर स्वामित्व न्यूनतम ५१ प्रतिशतसम्म रहने र नयाँ संस्थापक शेयरधनी थप गर्न नपाउने शर्तमा स्वीकृति प्रदान गर्न सकिनेछ ।
- पूर्वाधार विकास बैंकहरुको चुक्तापूँजी मध्ये कुनै एक व्यक्ति, एकाघर परिवारका सदस्यहरु, फर्म, कम्पनी, संगठित संस्था वा एकै समूहका कम्पनीहरुले लिन सक्ने अधिकतम शेयर चुक्ता पूँजीको १० प्रतिशतसम्म मात्र हुनेछ । तर नेपाल सरकारको हकमा यो सीमा लागू हुने छैन ।

९.२ प्रस्तावित पूर्वाधार विकास बैंकमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, सो

बमोजिम बनेका नियम वा विनियमावली र यस बैंकले जारी गरेका निर्देशन तथा मापदण्डहरुको पालना गरी बैंकले सञ्चालक तथा स्वतन्त्र सञ्चालक नियुक्त गरी सञ्चालक समितिको गठन गर्नु पर्नेछ । सो सञ्चालक समितिमा संस्थापक तथा सर्वसाधारण शेयरधनीको तर्फबाट शेयर पुँजी लगानीको अनुपातको आधारमा प्रतिनिधित्व हुनु पर्नेछ । तर, प्रथम साधारण सभा नभएसम्म सर्वसाधारण शेयरधनीका तर्फबाट संचालक समितिमा हुने प्रतिनिधित्व पनि संस्थापक समूहबाट नै गर्न सकिनेछ ।

**१०. संस्थापना खर्च** :

१०.१ पूर्वाधार विकास बैंकको संस्थापना खर्च चुक्ता पुँजीको ०.२ प्रतिशत भन्दा बढी हुनु हुदैन । साथै, यस्तो खर्च यस बैंकबाट संस्थापनाको लागि सैद्धान्तिक सहमति प्राप्त गर्ने प्रक्रियामा विभिन्न वाणिज्य बैंकहरुमा जम्मा गरेको संस्थापकहरुले कबुल गरेको शेयर लगानीमध्येको जम्मा गरेको ४५ प्रतिशत रकमको ब्याज आम्दानीबाट व्यहोर्नु पर्नेछ ।

१०.२. संस्थापना खर्चमा पूँजीगत प्रकृतिका खर्चहरु बाहेक देहाय बमोजिमका खर्चहरु मात्र समावेश गर्न सकिनेछ :

- सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्दा लाग्ने खर्च,
- बैंकको प्रबन्धपत्र, नियमावली, आर्थिक प्रशासन सम्बन्धी विनियम, कर्मचारी सेवा सुविधा सम्बन्धी विनियम, कर्जा अपलेखन सम्बन्धी विनियम लगायत बैंक संस्थापना गर्नु पूर्व विद्यमान ऐन, कानून, सो अन्तर्गत बनेका नियम, विनियम, यस बैंकको आदेश, निर्देशन तथा यस नीतिगत व्यवस्था बमोजिम तयार गर्नु पर्ने अन्य कागजात तथा विवरण तयार गर्दा लाग्ने खर्च,
- यस बैंक तथा कम्पनी रजिष्ट्रार कार्यालयमा नियमानुसार बुझाउनु पर्ने निवेदन तथा संस्थापना सम्बन्धी दस्तुर, र
- बैंक सञ्चालन पूर्वको तलव भत्ता, घर बहाल, शीप विकास तथा कर्मचारी तालिम सम्बन्धी खर्चहरु ।
- कम्प्यूटर सफ्टवेयर सम्बन्धी खर्च ।

१०.३ संस्थापना खर्चमा संस्थापकहरु बीच भएको प्रारम्भिक सम्झौता मिति अघिको खर्च समावेश गर्न पाइने छैन ।

**अनुसूची-१**

## पूर्वाधार विकास बैंक संस्थापनाको सैद्धान्तिक सहमतिका लागि राष्ट्र बैंक समक्ष पेश गर्ने निवेदनको ढाँचा

श्री नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग
बालुवाटार, काठमाडौ ।

बिषय : ..........................**लिमिटेड संस्थापना गर्न स्वीकृति पाऊँ ।**

महोदय,

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ३ (१) बमोजिम पब्लिक लिमिटेड कम्पनीका रुपमा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गराई पूर्वाधार विकास बैंक संस्थापना गर्ने प्रयोजनको निमित्त सोही ऐनको दफा ४(१) बमोजिम त्यस बैंकको पूर्व स्वीकृतिको लागि तोकिएका आवश्यक कागजात एवम् लाग्ने निवेदन दस्तुर सहित यो निवेदन पेश गरेका छौं ।

आवश्यक कागजात थान ...... संलग्न छन् ।

भवदीय,

..............................
(संस्थाको तर्फबाट आधिकारिक व्यक्ति)

नाम :

ठेगाना :

टेलिफोन नं :

फ्याक्स न. :

इमेल ठेगानाः

अनुसूची-२

# प्रस्तावित पूर्वाधार विकास बैंकको सम्भाव्यता अध्ययन प्रतिवेदनमा समावेश गर्नुपर्ने बिषयहरु

१. **नेपालको समष्टिगत आर्थिक अवस्थाको विश्लेषण (Macro Economic Analysis)** :

(क) नेपालको वर्तमान प्रमुख आर्थिक तथा वित्तीय परिसूचकहरु

(ख) कृषि, औद्योगिक तथा सेवा क्षेत्रको अवस्था,

(ग) सरकारी वित्त स्थिति,

(घ) बैदेशिक व्यापारको स्थिति,

२. **नेपालको वित्तीय प्रणाली** (Financial System of Nepal)

(क) बैंक/वित्तीय संस्थाहरु,

(ख) निक्षेप संरचना, कर्जा तथा लगानी र विकास दर,

(ग) कर्जा/निक्षेप अनुपात (राष्ट्रिय स्तरमा र कारोवारको प्रस्तावित क्षेत्रमा),

(घ) व्याजदर संरचना र अन्तर,

(ङ) लगानी/निक्षेप अनुपात (राष्ट्रिय स्तरमा र कारोबारको प्रस्तावित क्षेत्रमा),

(च) वासलात बाहिरको कारोवारको परिमाण,

(छ) उपलब्ध वित्तीय उपकरण र Financial Innovation को आवश्यकता,

(ज) नाफा विश्लेषण (Profitability Analysis),

(झ) विद्यमान बैंकिङ्ग तथा वित्तीय प्रणालीका कमजोरी तथा सुधारका आवश्यकता ।

(ञ) पूर्वाधार विकास बैंक खोल्नु पर्ने औचित्य ।

३. **नयाँ पूर्वाधार विकास बैंकको व्यवसायिक योजना** :

(क) नयाँ पूर्वाधार विकास बैंकले स्थायित्व पाउन वा दीगो वृद्धि हासिल गर्न सक्ने आधार,

(ख) बैंकले प्रदान गर्ने सेवा तथा नयाँ वित्तीय उपकरण सम्बन्धी योजना (यदि छ भने),

(ग) शाखा विस्तार नीति,

(घ) संगठन तालिका, व्यवस्थापन शीप, व्यवस्थापन सूचना प्रणाली र जनशक्ति योजना

(ङ) प्रविधि, प्रविधि हस्तान्तरण सम्बन्धी योजना र बैंकले प्रयोग गर्ने सफ्टवेयर

(च) कारोवारको क्षेत्र,

(छ) बजार प्रवेश रणनीति (Market Penetration Strategy) ।

(ज) व्यवसाय निरन्तरता योजना (Business Continuity Plan), स्रोत परिचालन रणनीति (Resources Mobilization Strategy) तथा जोखिम व्यवस्थापन नीति (Risk Management Policy)

**४. व्यवसायिक प्रक्षेपण, आर्थिक औचित्य र वित्तीय विश्लेषण :**

(क) पूँजी संरचना,

(ख) स्थिर पूँजी खर्च विवरण,

(ग) संचालन खर्चको विवरण,

(घ) कर्मचारी खर्च विवरण,

(ङ) प्रारम्भिक खर्चको विवरण,

(च) वित्तीय साधन जुटाउन जारी गरिने विभिन्न वित्तीय उपकरणहरु

(छ) पूर्वाधार विकास सम्बन्धी परियोजनाहरुमा कर्जा प्रवाह एवम् शेयरमा लगानी

(ज) व्याज आम्दानी र व्याज खर्चको विवरण, अन्य आय, वासलात बाहिरको कारोवार, कर्जा वर्गीकरण र जोखिम व्यवस्था,

(झ) कम्तीमा पाँच वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण,

(ञ) प्रस्तावित पूर्वाधार विकास बैंकको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौति बारेको (SWOT) विश्लेषण ।

**५. निष्कर्ष :**

**अनूसूची-३**

## प्रस्तावित पूर्वाधार विकास बैंकका संस्थापकहरुको
## व्यक्तिगत विवरणको ढाँचा

फोटो

१. पूरा नाम थर :

२. जन्म मिति :

३. जन्म स्थान :

४. नागरिकता :

५. विदेशीको हकमा :

(क) संस्थाको नाम :

(ख) संस्था दर्ता मिति :

(ग) प्रतिनिधित्व गर्ने व्यक्ति :

नाम :

पद :

६. पुरा ठेगाना :

(क) स्थायी : (१) टेलिफोन (२) इमेल (३) फ्याक्स

(ख) अस्थायी : (१) टेलिफोन (२) इमेल (३) फ्याक्स

७. हालको पेशा :

(क) फर्म वा कार्यालयको नाम :

(ख) ठेगाना :

(ग) व्यवसायको प्रकृति/काम :

(घ) पदको नाम :

(ङ) टेलिफोन/ फ्याक्स/ईमेल :

८. वैवाहिक स्थिति :

(क) विवाहित/ अविवाहित/ सम्बन्ध विच्छेद भई अलग बसेको

(ख) विवाहितको हकमा पति/पत्नीको नाम :

(ग) पति/पत्नीको पेशा :

(घ) आश्रितहरुको विवरण : आश्रित १ (एवम् क्रमले)

पुरा नाम सम्बन्ध उमेर

इच्छाएको व्यक्ति/संस्था शैक्षिक योग्यता

९. (क) बाबुको नाम : ठेगाना : पेशा :

(ख) बाजेको नाम : ठेगाना :

१०. शैक्षिक योग्यता :

| तह | संस्थाको नाम, ठेगाना | अध्ययन वर्ष | विषय | उपाधि लिएको मिति |
|---|---|---|---|---|
| स्नातकोपाधि | | | | |
| स्नातकोत्तर | | | | |
| विद्यावारिधि | | | | |
| व्यवसायिक स्तर | | | | |
| तालिम सेमिनार | | | | |
| क) | | | | |
| ख) | | | | |

११. रोजगारी/अनुभवको अभिलेख (विगत ५ वर्षको, बैंक तथा वित्तीय संस्था वा कुनै पनि प्रकारको निक्षेप सम्वन्धी व्यवसाय सञ्चालन गर्ने संस्था भए सोको विस्तृत विवरण) :

| संस्थाको नाम, ठेगाना | अवधि | पद | निकटतम सुपरिवेक्षकको नाम | काम छोड्नुको कारण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

१२. तपाईसँग कुनै व्यवसायिक (Professional) विषयमा काम गर्ने ईजाजत छ ?

छ छैन

यदि छ भने

(क) इजाजतको प्रकृति : (ख) इजाजत लिएको मिति :

(ग) इजाजत नम्वर : (घ) इजाजत दिने संस्था र ठेगाना :

१३. कुनै पनि किसिमको व्यवसाय वा फर्म/कम्पनी/संगठित संस्थामा संलग्न रहेको भए त्यस्तो व्यवसायको नाम, ठेगाना, संस्था भएमा दर्ता मिति, शेयर अंश र संस्थाको कामको प्रकृति तथा अन्य सबै संचालक, शेयरहोल्डर तथा त्यस्ता संस्थाहरुको सम्पत्ति तथा दायित्व आदिको विवरण । संस्थापक संलग्न फर्म/कम्पनी/ संगठित संस्थाको पछिल्लो दुई आर्थिक बर्षको लेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरण । (विवरणहरु थप भएमा छुट्टै पानामा पेश गर्न सकिनेछ)

१४. तपाई कुनै व्यवसायिक क्षमताको आधारमा, नेपाल राष्ट्र बैंकबाट नियमन निरीक्षण तथा सुपरिवेक्षण गर्नुपर्ने संस्थामा काम गर्नुहुन्छ ? (यदि छ भने, संस्थाको नाम, ठेगाना र कामको प्रकृति उल्लेख गर्नुहोस् । साथै, सम्वन्धित संस्थाबाट संस्थापन हुनका लागि स्वीकृति पत्र पेश गर्नुहोस्) ।

१५. कुनै संगठित संस्थामा तपाईको कुनै वित्तीय स्वार्थ वा हित गाँसिएको छ भने खुलाउनु होस् ?

१६. मैले/हामीले प्रस्तावित बैंक/वित्तीय संस्थामा रकम रु................. (अक्षरेपी.................... .) लगानी गर्न लागेको छु/छौं । उक्त रकम संस्थाको कुल चुक्ता पूँजीको प्रतिशत ............हुन्छ । मैले /हामीले कारोवार गर्ने कर कार्यालय .................. हो । साथै, लगानी गर्न लागेको रकमको स्रोतको विवरण निम्नानुसार प्रस्तुत गरेको छु/छौं ।

**लगानी रकमको आय श्रोत विवरण**

| क्रम संख्या | लगानी गर्ने रकमको स्रोत | रकम | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| | जम्मा | | |

**नोट :**

(१) माथि उल्लिखित विभिन्न स्रोतहरुबाट लगानी गर्न प्रस्ताव गरिएको रकमको लागि देहाय बमोजिमका आवश्यक प्रमाणहरु पेश गर्नु पर्नेछ ।

- उद्योग, व्यापार पेशा र व्यवसायवाट आर्जन गरेको भए कुन कुन उद्योग, व्यापार पेशा र व्यवसायवाट आर्जन भएको हो सो को विवरण स्पष्ट हुने कागजात र सो मा तिरेको कर सम्वन्धी कागजात ।
- पैतृक वा पारिवारिक सम्पत्तिबाट शेयरमा लगानी गर्न प्रस्ताव गरिएको अवस्थामा सो सम्बन्धी अंशबण्डा लिखतको प्रतिलिपि वा अन्य कागजात । अंशवण्डा नभएको हकमा चल/अचल सम्पत्ति हस्तान्तरण भएको प्रमाण ।
- घरजग्गा विक्रीबाट प्राप्त आयको हकमा रकम स्पष्ट हुने रजिष्ट्रेशन लिखतको छविचित्र, लाभांशको हकमा त्यस्तो लाभांश प्राप्त गरेको कम्पनी, वर्ष, रकम आदि विस्तृत विवरण ।
- घरबहाल आयको हकमा सो सम्बन्धी सम्झौताको छविचित्र र कर चुक्ता गरेको प्रमाण सहितको आय विवरण, पारिश्रमिक आयको हकमा सम्बन्धित रोजगारदाताबाट प्रमाणित आयको विवरण ।
- कृषि आयको हकमा कहाँ र कुन स्थानको कति जमीन, स्वामित्व प्राप्त भएको मिति तथा कृषियोग्य आय आर्जन हो सो विवरण तथा सो व्यहोरा खुल्ने कागजात र लालपूर्जाको छविचित्र ।
- पेन्सन तथा अवकास रकमको हकमा सो वापत प्राप्त रकम प्रमाणित हुने पेन्सन पट्टा वा यस्तै अन्य आधिकारिक कागजात, रेमिटान्स बापत प्राप्त रकमको हकमा रेमिटान्स पठाउने र पाउने बीचको नाता, कहाँबाट के वापत यस्तो रेमिटान्स प्राप्त भएको हो सो खुल्ने कागजात ।
- माथि उल्लिखित स्रोत वाहेक अन्य स्रोतवाट लगानी गर्ने भएमा त्यस्तो स्रोत प्रमाणित हुने कागजात ।

(२) बैंक तथा वित्तीय संस्था संस्थापना गर्नका लागि यस बैंक समक्ष दर्ता भैसकेका तथा नयाँ दर्ता हुन आउने निवेदनहरुको सम्बन्धमा समेत उपरोक्त अनुसारको विवरण तथा कागजात पेश गर्न लगाई थप कारवाही अघि बढाउने ।

(३) कुनै व्यक्ति वा निकायवाट प्राप्त रकमबाट लगानी गरिएको भए त्यस्तो रकम प्रदान गर्ने व्यक्तिको स्रोत र के वापत किन प्राप्त भएको हो सो समेतको विवरण ।

म/हामीले माथिको तालिकामा उल्लिखित विवरण बमोजिमको आम्दानी र सो आयमा प्रचलित कानून बमोजिम कुनै कर तिर्नु पर्ने अवस्थामा नेपाल सरकार तथा अन्य सम्बन्धित निकायलाई तिर्नु/बुझाउनु पर्ने कर/राजस्व रकम नियमानुसार चुक्ता गरेको छु/छौं । म/हामीले सम्पत्ति शुद्धीकरण गरी गराई सोबाट आर्जन गरेको रकमबाट प्रस्तावित बैंक/वित्तीय संस्थामा लगानी गर्न लागेको हैन । मैले/हामीले लगानी गर्न प्रस्ताव गरेको रकमको आयस्रोतको सम्बन्धमा कानून बमोजिम सम्बन्धित निकायबाट कुनै कानूनी कारवाही भएमा प्रचलित कानून बमोजिम सजायको भागीदार रहन मञ्जुर रहेको व्यहोरा समेत अवगत गराउँदछु । आयसंग सम्बन्धित सम्पूर्ण कागजातहरु पेश गरेको छु/छौ । पेश गरिएका विवरणहरु आधिकारिक निकायले माग गरेमा उपलब्ध गराउन समेत मंजुरी छ । साथै, कुनै आधिकारिक निकायबाट आय विवरण सम्बन्धी थप कागजात माग भएमा सो को प्रमाणित कागजात समेत उपलब्ध गराउने छु/छौं । माथि लेखिएको सम्पूर्ण विवरण र व्यहोरा ठीक साँचो हो । झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

१७. तपाई कुनै फौजदारी अभियोगमा पर्नु भएको छ ? छ छैन

१८. आयकर दर्ता/चुक्ता भएको/आर्थिक वर्ष ......... सम्मको प्रमाण संलग्न छ ।

१९. तपाँईले अन्य बैंक तथा वित्तीय संस्थासंग कर्जा कारोवार गर्नु भएको छ ? छ छैन

(छ भने विस्तृत विवरण खुलाउनु होस् ।)

२०. निम्न प्रश्नहरुको जवाफ छ/छैनमा दिनुहोस् :

(क) तपाईंको विरुद्धमा अदालतमा कुनै अपराधिक कारवाई विरुद्ध मुद्दा चलेको छ ? छ छैन

(ख) तपाईले कानून उल्लंघन गरेको कारणबाट सजायँ पाउनु भएको छ ? छ छैन

(ग) तपाई संलग्न भएको कुनै संस्था टाट पल्टेको छ ? छ छैन

(घ) तपाईंले काम गरेको वा संचालक भएको वा तपाईंले ५ (पाँच) प्रतिशत भन्दा बढी शेयर लगानी गरेको संस्था कर्जा भुक्तानी गर्न नसकेको कारण कहिल्यै कालोसूचीमा परेको छ, छैन ?

छ छैन

(ङ) गैर कानूनी रुपमा विदेशी मुद्रा कारोवारमा संलग्न हुनु भएको छ ? छ छैन

(च) तपाई संलग्न भएको संस्था कहिल्यै अपराधिक कृयाकलापमा संलग्न भएको छ ? छ छैन

(छ) तपाईलाई बैंक तथा वित्तीय संस्थाको कर्जा कारोवारमा दुरुपयोग गरेको र सन्तोषजनक नभएको भनी बैंक तथा वित्तीय संस्थाबाट कुनै अभिलेख गरेको छ ? छ छैन

(ज) तपाई कर्जा सूचना केन्द्रको कालोसूचीमा पर्नु भएको छ ? छ छैन

यदि परेको भए सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पुरा भएको छ ?

छ छैन

(झ) तपाई अन्य बैंक तथा वित्तीय संस्थाको बहालवाला कर्मचारी, सञ्चालक, लेखापरीक्षक कानूनी वा

अन्य सल्लाहकार हुनुहुन्छ ? छ छैन

(ञ) तपाईं धितोपत्र दलाल वा बजार निर्माता रहनु भएको छ ? छ छैन

(ट) तपाई कुनै सार्वजनिक अपराध गरेको, कानून उल्लंघन गरेको वा प्रचलित कानून वमोजिम विघटनमा परेको कुनै संस्थामा कर्मचारी वा सल्लाहकारको रुपमा रहनु भएको छ ?

छ छैन

(ठ) तपाई प्रचलित कानून वमोजिम दामासाहीमा पर्नु भएको छ ? छ छैन

(ड) तपाईले कुनै राजनैतिक पदमा निर्वाचित वा मनोनित प्रतिनिधिको रुपमा कामकाज गरिरहनु भएको छ ? छ छैन

(ढ) तपाईलाई प्रचलित कानून वमोजिम कुनै पेशा वा व्यवसाय गर्न रोक लगाइएको छ ?

छ छैन

(ण) तपांईले लगानी गरेको अन्य फर्म/कम्पनी/संगठित संस्था नेपाल राष्ट्र बैंकले निरीक्षण तथा सुपरिवेक्षण गर्न चाहेमा मन्जुर छ ? छ छैन

(त) तपांईको नेपाल राष्ट्र बैंकमा सञ्चालक समिति लगायत अन्य कर्मचारीहरु नजिकको नातेदार रहेका छन् ? छन् छैनन्

(छन् भने विस्तृत विवरण खुलाउनु होस)

यस प्रयोजनको लागि नजिकको नातेदार भन्नाले कम्पनी ऐन २०६३ को दफा २ वमोजिम एकासगोलको अंशियार वा पति, पत्नी, बाबु, आमा, सासू, ससुरा, दाजु, भाई, दिदी, बहिनी, भाउजू, बुहारी, साला, साली, भिनाजू, काका, काकी, मामा, माइजू, छोरा, छोरी, छोरा, बुहारी, नाति, नातिनी, नातिनी, बुहारी वा ज्वाँई सम्झनु पर्छ ।

(थ) तपाईले यस बैंकबाट इजाजतपत्रप्राप्त अन्य बैंक तथा वित्तीय संस्थामा संस्थापकको हैसियतले लगानी गर्नुभएको छ ? छ छैन

२१. यो प्रस्तावित बैंक/वित्तीय संस्थाको संस्थापकको हैसियतले मैले यस बैंक वा वित्तीय संस्थाको जारी पूँजीको ..... प्रतिशत शेयर लिन मञ्जुर गरेको छु । यो शेयर यस बैंकको चुक्ता पूँजीको १५ प्रतिशतभन्दा बढी छैन ।

२२. समय समयमा नेपाल राष्ट्र बैंकले निर्धारण गरे अनुरुप मेरो बैंक वा वित्तीय संस्थाको पूँजी पुऱ्याउने प्रतिवद्धता जाहेर गर्दछु ।

माथि उल्लेख गरिएको विवरण ठिक साँचो हुन् । यी कुनै पनि विषयमा जाँचबुझ/छानविन तथा मैले दिएको विवरण सार्वजनिक गर्न मेरो मञ्जुरी छ । झुठो भएमा यसैका आधारमा बैंक संस्थापना गर्न स्वीकृति नदिएमा नदिएमा मेरो मञ्जुरी छ ।

दस्तखत :

नाम :

मिति :

ठेगाना :

टेलिफोन :

## सार्वजनिक सूचनाको ढाँचा

(बुँदा नं. ३.४ सँग सम्बन्धित)

# सार्वजनिक सूचना

देहायका व्यक्ति/फर्म/कम्पनीबाट ........................................................नामक पूर्वाधार विकास बैंक (संस्थापना गर्न पूर्व स्वीकृतिका लागि यस बैंकमा मिति .................................मा निवेदन प्राप्त हुन आएको छ । सो सम्वन्धमा उल्लिखित प्रस्तावित पूर्वाधार विकास बैंकका संस्थाका संस्थापकहरुको वित्तीय अनुशासन र अवस्था, इमान्दारिता र नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट दोषी ठहर भएको सम्वन्धमा कसैको कुनै भनाई वा गुनासो भएमा त्यस्ता व्यक्ति/फर्म/कम्पनीलाई निजहरुको निवेदन वमोजिमको पूर्वाधार विकास बैंक संस्थापना गर्न इजाजतपत्र दिन औचित्यपूर्ण नहुने कुनै आधारहरु भए यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र ठोस कारण तथा प्रमाण सहित नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागमा लिखित रुपमा जानकारी गराउनु हुन सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**प्रस्तावित पूर्वाधार विकास बैंकका संस्थापकहरु :**

| सि.नं. | संस्थापकको नाम र ठेगाना | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग

नोट:

१. “सर्वसाधारणको जानकारीको लागि पूर्वाधार विकास बैंकलाई इजाजत प्रदान गर्ने व्यवस्था सम्वन्धी नीति यस बैंकको वेव साइट www:nrb.org.np मा राखिएको छ ।”

२. यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधार मानी उल्लिखित व्यक्तिहरुको सम्बन्धमा कुनै जानकारी भए १५ दिनभित्र यस विभाग समक्ष अनिवार्यरुपमा जानकारी उपलब्ध गराउनु हुन अनुरोध छ । अन्यथा, यसै सूचनालाई आधार मानी थप कारवाही अगाडी बढाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**अनुसूची-५**

## वित्तीय कारोबार गर्ने इजाजतपत्रका लागि पेश गर्ने निवेदनको ढाँचा

श्री नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग
बालुवाटार, काठमाडौं ।

विषयः **वित्तीय कारोबार गर्ने स्वीकृति पाउँ ।**

महोदय,

त्यस बैंकको प.सं. ……………… मिति ………………… बाट पूर्वाधार विकास बैंकका रुपमा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति …………………… मा संस्थापन गर्न पूर्व स्वीकृति लिई प्रचलित नेपाल कानून बमोजिम पब्लिक लिमिटेड कम्पनीका रुपमा दर्ता गराई संस्थापना भैसकेकोले तोकिएका आवश्यक कागजात एवं इजाजतपत्र दस्तुर सहित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ३३ बमोजिम वित्तीय कारोवार गर्ने इजाजतपत्र पाउनको लागि यो निवेदन पेश गरेका छौं ।

आवश्यक कागजात थान…….संलग्न छन् ।

भवदीय,

………………………………….
(संस्थाको तर्फबाट आधिकारिक व्यक्ति)

नामः
ठेगानाः
टेलिफोन नं :
फ्याक्स नं. :
इमेल ठेगाना :
मिति

## संस्थापकहरुको Fit and Proper Test मापनका आधारहरु

(बुँदा नं.३.१ सँग सम्बन्धित)

पूर्वाधार विकास बैंकको संस्थापना गर्ने क्रममा प्रस्तावित संस्थापकहरुलाई परीक्षण गर्ने क्रममा देहायका Fit and Proper Test मापनका आधारहरु तोकिएको छ :

१. **योग्यता :** संस्थापकहरुमध्ये एक तिहाई संस्थापकहरु कम्तीमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनुपर्ने ।

२. **अयोग्य भएको मानिने अवस्था :**

(क) २५ वर्ष उमेर पूरा नभएको,

(ख) मगज विग्रिएको वा मानसिक सन्तुलन ठीक नभएको,

(ग) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको,

(घ) बैंक वा वित्तीय संस्था संगको कुनै कारोबारमा कालोसूचीमा परी सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(ङ) प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने दायित्व भई त्यस्तो कर चुक्ता नगरेको,

(च) नैतिक पतन देखिने फौज्दारी कसूरमा अदालतबाट सजाँय पाई त्यस्तो सजाँय भुक्तान भएको मितिले पाँच वर्ष नपुगेको,

(छ) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय पाएको,

(ज) सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरमा मुद्दा लागेको वा त्यस्तो कसूरको लागि सजाय पाई सजाय भुक्तान भएको मितिले पाँच बर्ष नपुगेको,

(झ) नेपाल राष्ट्र बैंकले निलम्वन गरेको व्यक्तिको हकमा निलम्वन अवधिभर, र

(ञ) नेपाल राष्ट्र बैंकले व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई निलम्वन वा विघटनमा परेको संस्थाको हकमा त्यस्ता संस्था/सदस्यहरु त्यस्तो निलम्वन/विघटन परेको मितिले ३ वर्ष नपुगेको ।

३. **अदालती कारबाही :** बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा दुरुपयोग गरी असुलीको क्रममा अदालतमा मुद्दा चलिरहेको व्यक्ति संस्थापक हुन पाउने छैन ।

४. **जालसाजी :** बैंक तथा वित्तीय संस्थाको काम कारवाहीमा बेईमानी वा बदनियत गरेको कुरा प्रमाणित भएमा त्यस्तो व्यक्ति संस्थापक हुन सक्ने छैन ।

५. **दामासाहीमा परेको :** प्रचलित कानून बमोजिम दामासाहिमा परेको व्यक्ति संस्थापक हुन सक्ने छैन ।

६. **आर्थिक हैसियत :** संस्थापकहरुले पूर्वाधार विकास बैंकमा लगानी गर्न प्रस्ताव गरेको रकमलाई मूल्याङ्कन गर्दा निजको वित्तीय अवस्थाले बैंक सञ्चालनको लागि आवश्यक परेमा निजले गरेको लगानीको अनुपातमा थप पूँजी लगाउन सक्ने क्षमता हुनु पर्नेछ ।

७. **बन्देज** : प्रस्तावित संस्थाको संस्थापक नेपाल स्टक एक्स्चेन्ज लि. को बजार निर्माता वा धितोपत्र दलाल रहेको हुन पाउने छैन ।